# उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड
# Unnati Sahakarya Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था

## नवौं वार्षिक साधारण सभाको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०९/०८)

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०८०/०९/०७ गते शनिबार बिहान १०.०० बजे बसेको यस वित्तीय संस्थाको सञ्चालक समितिको २१०औं बैठकको निर्णय अनुसार देहायका, मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नको लागि यस वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) सभा हुने मिति, समय र स्थान :**

मिति : २०८० साल पौष महिना २९ गते आइतबार, (तद्नुसार १४ जनवरी, २०२४)

समय : बिहान १०.०० बजे

स्थान : एशियन बुद्ध होटल सि.न.पा. (८ रुपन्देही (भैरहवा) ।

**२) छलफलका विषयहरुः**

**क) सामान्य प्रस्तावहरुः**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७९/०८० को बार्षिक प्रतिवेदन स्वीकृत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहितको २०८० आषाढ मसान्तसम्मको वासलात र आ.व.२०७९/०८० को, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तीय विवरणमा छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस गरेबमोजिम आर्थिक वर्ष २०८०/०८१ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र नीजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावहरुः**

१. भविष्यमा वित्तीय संस्थाले अन्य इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय सस्थाहरुलाई गाभ्ने वा संस्थाहरुसँग गाभिने, गाभ्ने/गाभिने (Merger) वा प्राप्ती गर्न / प्राप्ती हुन जाने (Acquisition) प्रयोजनार्थ उपयुक्त देखिएमा सो सँग सम्बन्धित आवश्यक सम्पूर्ण कार्वाही अगाडि बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग) विविध ।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

### साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८०/०९/१७ गते १ (एक) दिन वित्तीय संस्थाको शेयर दाखिल खारेज बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८०/०९/१६ गतेसम्म कारोबार भई शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन योग्य हुनेछन्।

२. वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपि अनिवार्य साथमा लिई आउनुहुन अनुरोध छ ।

३. वार्षिक साधारण सभामा सहभागी हुन ईच्छुक शेयरधनीहरुले भौतिक रुपमा उपस्थितिको हकमा मिति २०८०/०९/२७ गते आइतबार भित्र तथा भिडियो कन्फ्रेन्सको मार्फत उपस्थिति जनाउन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगाबै आफ्नो नाम तथा शेयरधनी नं. वा डिम्याट नं. यस संस्थाको टेलिफोन नं. ०७१-५७११२६/५७११२८ मा सम्पर्क गरि टिपाउनु हुन अनुरोध छ ।

४. भिडियो कन्फ्रेन्सको मार्फतबाट उपस्थित हुनको लागि यस संस्थाको वेबसाईट www.unnatislbs.com मा लिन्क राखिनेछ ।

५. सभा शुरु हुनु भन्दा १५ मिनेट अगाडि भिडियो कन्फ्रेन्स खुल्ला गरिनेछ ।

६. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ८:०० बजे देखि खुल्ला रहनेछ ।

७. कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय, सिद्धार्थनगर नगरपालिका-१२, रुपन्देहीबाट उपलब्ध गराउन सकिने व्यहोरा जानकारी गराईन्छ। उल्लेखित विवरण वित्तीय संस्थाको वेबसाईट ठेगाना www.unnatislbs.com मार्फत हेर्न सक्नुहुनेछ । सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सूचना साथ संलग्न प्रवेशपत्रको साथै शेयर प्रमाणपत्र/निक्षेप सदस्यको बी.ओ.आई.डि.नम्बर, आफ्नो परिचय खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचय पत्र) सभा हुने दिन अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।

८. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै अर्थात मिति २०८० साल पौष २७ गते बिहान १०.०० बजे भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, सिद्धार्थनगर नगरपालिका (१२, रुपन्देहीमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

९. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी भिडियो कन्फ्रेन्स मार्फत उपस्थित भएमा दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।

१०. एकै शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा जुन मुकरित प्रोक्सी वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो एक मात्र मान्य हुनेछ र सो बाहेकको प्रोक्सी मान्य हुने छैन ।

११. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ ।

१२. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ ।

१३. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन्।

१४. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्वन्धमा शेयरवाला महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सो विषय वारेमा साधारण सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अघि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय मार्फत कम्पनीको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ । जसबाट त्यस्तो विषयमा आवश्यक पूर्व तयारी गर्न सजिलो हुने छ ।

१५. अन्य जानकारीका लागि वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय सिद्धार्थनगर नगरपालिका-१२, रुपन्देहीमा सम्पर्क गर्नु हुन अनुरोध छ ।